

# नेवार समुदायको जीवन्त पर्व 'पाहाँ चह्रे'

## जात्रा, संस्कृति र अतिथि सम्बन्धको त्रिवेणी

कविरस शर्मा

काठमाडौं उपत्यकाको प्राचीन र जीवन्त नेवार समुदायका अनेकौं चाडपर्वहरूमध्ये 'पाहाँ चह्रे' एउटा विशेष सांस्कृतिक उत्सव हो। चैत्र महिनाको कृष्ण पक्षको चतुर्दशी तिथिबाट सुरु हुने यो तीन दिने पर्व केवल धार्मिक अनुष्ठान मात्र होइन, सामाजिक सद्भाव, पाहुना सत्कार र परम्परागत कलाको एक अद्भुत संगम पनि हो। 'पाहाँ' को अर्थ नेपाल भाषामा पाहुना र 'चह्रे' को अर्थ चतुर्दशी हुन्छ। यसरी यो पर्वको नामले नै आफ्ना इष्टमित्र, आफन्त र साथीभाइलाई घरमा निमन्त्रणा गरी सत्कार गर्ने यसको मुख्य उद्देश्यलाई स्पष्ट पार्छ। वसन्त ऋतुको आगमनसँगै मनाइने यो पर्वको उत्पत्ति प्रागैतिहासिक युगीन संस्कारहरूबाट भएको मानिन्छ। जुन समयमा देवताहरूलाई खुसी पारेर राम्रो फसलको कामना गरिन्थ्यो। समयक्रमसँगै यसमा हिन्दु र बौद्ध धर्मका तत्वहरू समाहित हुँदै गएर यो एक समृद्ध साझा सांस्कृतिक परम्पराका रूपमा स्थापित भएको छ।

### लुकेका महादेव अर्थात् 'लुकु महाद्यः' देखि तान्त्रिक नाचसम्म

पाहाँ चह्रेको पहिलो दिन अर्थात् चैत्र कृष्ण चतुर्दशीको मुख्य आकर्षण वर्षभरि लुकाएर राखिएको 'लुकु महाद्यः' को पूजा हो। महादेवको स्वरूप मानिने लुकु महाद्यःलाई जमिनमुनि लुकाएर राखिएको हुन्छ। यस दिन ढुंगा माटो पन्छाएर जमिनमुनि रहेको महादेवलाई पूजा गरिन्छ। पूजामा मासु र रक्सी विशेष रूपमा चढाइन्छ। साथै, यो सिजनमा फुल्ने तोरी र तरकारी फूलहरूलाई क्रमशः सुन र चाँदीको प्रतीक मानेर चढाउने परम्पराले यसको प्राचीन र मौलिकतालाई झल्काउँछ।

सोही दिन साँझपख, काठमाडौंको नरदेवी (न्यत) क्षेत्रमा एउटा भिन्नै माहोल बन्छ। त्यहाँ 'न्यतमरु अजिमा प्याखँ' अर्थात् श्वेतकाली नाच प्रदर्शन गरिन्छ। यो एक तान्त्रिक मुखुण्डो नाच हो, जहाँ नर्तकहरूले विभिन्न देवीदेवताको रूप धारण गरी नृत्यको माध्यमबाट पौराणिक कथाहरू प्रस्तुत गर्छन्। यो नाच हेर्न राति अबेरसम्म मानिसहरूको ठूलो घुइँचो लाग्ने गर्छ।

### शक्तिहरूको महामिलन 'द्यः ल्वाकेगु'

यस पर्वको दोस्रो दिनलाई 'घोडेजात्रा' को रूपमा पनि चिनिन्छ। यस दिनको मुख्य आकर्षण काठमाडौंको टुँडिखेलमा हुने 'द्यः ल्वाकेगु' (देवता जुधाउने) विधि हो। यो वास्तवमा उपत्यकाका विभिन्न अजिमा (मातृशक्ति) हरूका खटहरूको महामिलन हो। लुमधि अजिमा, कङ्ग अजिमा र तेबाहा अजिमाजस्ता देवीदेवताका खटहरूलाई बाजागाजाका साथ टुँडिखेल पुऱ्याइन्छ। त्यहाँ सहभागीहरूले एक-अर्कालाई जलिरहेको राँको (मसाल) साटासाट गर्छन्। यो राँको साटासाट गर्ने प्रक्रियाले देवीहरू बीचको मिलनलाई जनाउँछ। यसरी मसालको झिल्काहरू साटासाट गर्दा निस्कने ऊर्जाले भक्तजनहरूको मनमा एउटा भिन्नै उत्साह र शक्ति भर्ने गर्छ। सोही दिन नेपाली सेनाद्वारा आयोजित घोडा दौड र अन्य साहसिक प्रदर्शनहरूले उत्सवको रौनकलाई थप बढाउँछन्।

### असनमा चटामरीको वर्षा र अन्तिम जमघट

पाहाँ चह्रेको तेस्रो तथा अन्तिम दिन उत्सवको केन्द्रबिन्दु असनको व्यस्त चोक बन्न पुग्छ। त्यहाँ पुनः तीन अजिमाहरूका खटहरूको महामिलन गराइन्छ। विभिन्न टोलबाट बाजागाजासहित आएका यी खटहरू असनमा पुगेपछि पुनः 'द्यः ल्वाकेगु' विधि गरिन्छ। यस पटक, रातो, निलो, पहेंलो र अन्य रंगका टोपी लगाएका भक्तजनहरूले मसाल साटासाट गर्छन्।

यो मिलनको दृश्यलाई घरका झ्याल र छतबाट हेरिरहेका मानिसहरूले खटमाथि 'चटामरी' (चामलको पिठोको रोटी) बर्साएर स्वागत गर्छन्। युवाहरूको उत्साह र बाजाको तालले काठमाडौंको प्राचीन सभ्यता कति जीवन्त छ भन्ने प्रमाणित गर्छ। यो दिन विशेष गरी पारिवारिक सम्बन्धमा केन्द्रित हुन्छ, जहाँ आफ्ना इष्टमित्र र आफन्तहरूलाई घरमा बोलाएर परम्परागत नेवारी परिकारहरू खुवाइन्छ।

पाहाँ चह्रेमा खानपानको पनि विशेष भूमिका हुन्छ। परिवारहरूले बारा, वं, छोयला लगायत सिजन अनुसारका तरकारी र माछा मासुका विभिन्न परम्परागत परिकारहरू तयार गर्छन्। यस्ता खाद्य परम्पराले स्वाद मात्र दिँदैन, समुदाय र परिवारबीचको चिसिएको सम्बन्धलाईसमेत न्यानो बनाउने र पारिवारिक एकतालाई बलियो पार्ने काम गर्छ। आजको आधुनिक युगमा पनि पाहाँ चह्रेले आफ्नो मौलिकता गुमाएको छैन। यो उत्सवले काठमाडौंको इतिहास, स्थानीयको विश्वास र पाहुनालाई 'देवता' मान्ने नेपाली संस्कारलाई विश्वसामु चिनाइरहेको छ।

जात्रा, शक्ति उपासना र मिठा परिकारको यो त्रिवेणीले नै उपत्यकाको माटोलाई सांस्कृतिक रूपमा उर्वर राखेको छ। काठमाडौं उपत्यकाको समृद्ध सांस्कृतिक सम्पदा बुझ्न चाहने आगन्तुकहरूका लागि पाहाँ चह्रे अवलोकन गर्नु एक उत्कृष्ट अवसर हो। स्थानीय समुदायसँग मिलेर भोजमा सहभागी हुनु र यो पर्वको हिस्सा बन्नु नेवारी संस्कृतिलाई नजिकबाट बुझ्ने सुनौलो मौका हो। पाहाँ चह्रेले नेवार समुदायको आफ्नो सांस्कृतिक सम्पदा प्रतिको समर्पण, सामुदायिक एकता र जटिल रीतिरिवाज तथा खानपानका माध्यमबाट जीवनलाई उत्सवको रूपमा मनाउने कलालाई दर्शाउछ।


**बीउ बिजन आत्मनिर्भर कार्यक्रममा सहभागिताका लागि प्रस्ताव आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२।१२।०४)

कृषि विकास कार्यालय, नुवाकोटको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको **बीउ बिजन आत्मनिर्भर कार्यक्रम**मा सहभागी हुनका लागि बीउ उत्पादन क्षेत्र निर्धारण प्रक्रियाबाट निर्धारित क्षेत्रभित्रका इच्छुक आवेदकहरू (कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक तथा निजी फार्म/कम्पनी)ले यो सूचना प्रकाशन भएको मितिले २१औं दिन अर्थात मिति २०८२।१२।२४ गते कार्यालय समयभित्र आवश्यक कागजात सहित कृषि विकास कार्यालय, नुवाकोटमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । सूचना तथा आवश्यक कागजात सम्बन्धी विस्तृत जानकारी यसै कार्यालयको website https://nuwakot.ado.gov.np मा वा कार्यालयको सूचना पाटीमा प्रकाशित भएको व्यहोरा समेत जानकारी गराईन्छ ।

**कृषि विकास कार्यालय, नुवाकोट**



**Madhesh Province Government**
**Ministry of Land Management, Agriculture and Cooperative**
**Agriculture Development Directorate**
**Agriculture Knowledge Center, Kalaiya, Bara**

**NOTICE OF INVITATION FOR BID**

**First Date of Publication: 18th March 2026**

1. Agriculture Knowledge Center, Bara invites electronic bids from eligible Nepalese bidders for the following works:

| S. N. | Contract No. | Name of Contract | Cost of Bid Document (NRs.) | Estimated Amount (With out VAT and PS) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | AKC/NCB/WORKS/ 02/082/83 | Construction Of drainage | 3,000.00 | 33,82,245.98 | 90 days | 102000.00 |
| **Deadline for Bid Submission:** | | | 17th April 2026 till 12:00 Noon | | | |
| **Date, Time and Place of Bid Opening:** | | | 17th April 2026 1:00 PM at Agriculture Knowledge Center, Bara | | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at, Agriculture Knowledge Center, Bara or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: **www.bolpatra.gov.np/egp**as specified in the Instructions to Bidders.
4. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.



**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
**जलस्रोत तथा सिंचाइ विभाग**
**सिंचाइ तथा जलश्रोत व्यवस्थापन आयोजना, भरतपुर, चितवन**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना (सि.नं. १ र ३) र आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना (सि.नं. ४ र ५)**

**(प्रकाशित मितिः २०८२/१२/०४)**

यस सिंचाइ तथा जलश्रोत व्यवस्थापन आयोजना, भरतपुर, चितवनवाट आ. व. २०८२/०८३ मा आयोजनाको कार्यक्षेत्र अन्तर्गत विभिन्न स्थानहरुमा पहिरो र नदी नियन्त्रण तथा व्यवस्थापनका कार्यहरु गर्न मिति २०८२/१०/१४ गते news 24 राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार ई-बिड प्रकृयाद्धारा दर्ता हुन आएका रित पुगेका बोलपत्रहरुको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) उपनियमहरु ३ र ४ बमोजिम प्राविधिक प्रस्तावहरु परीक्षण हुँदा सारभूतरुपमा प्रभावग्राही देखिएका बोलपत्रहरु सोही नियमावलीको नियम ३१ (ज) को उपनियम ५ बमोजिम मिति २०८२/११/२६ गते आर्थिक प्रस्ताव खोलि परीक्षण हुँदा तपशिल बमोजिम (सि.नं. १ र ३) का बोलपत्र न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र छनौट भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा दफा ४७ को प्रायोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | न्यून मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कवोल अंक (मू.अ.कर समेत) रु. |
|---|---|---|---|
| १. | IWRMP/NCB/NRMW/RB/05-082/083 | Ethical Engineering Enterprises Pvt. Ltd., Pepsicola, Kathmandu | 2,14,28,619.49 |
| २. | IWRMP/NCB/ DEVGHAT LMW/01-082/083 | As none of the Lowest Evaluated Responsive Bidders were received in accordance with Clause 26(1, Kha) of the PPA-2063, so the procurement process will be re-invited for bidding as per Clause 14(4Ka) of the same Act. | |
| ३. | IWRMP/NCB/ARKHALA LMW/01-082/083 | New Benjamen- Unique- Prabhu Kaushika J.V., Madhyapur Thimi-09, Bhaktapur | 2,08,77,933.91 |

साथै यस आयोजनावाट आ. व. २०८२/०८३ मा आयोजनाको कार्यक्षेत्र अन्तर्गत विभिन्न नदीको विभिन्न स्थानहरुमा नदि नियन्त्रण तथा ब्यबस्थापनका कार्यहरु गर्न मिति २०८२/११/०१ गते नेपाल समाचारपत्रमा प्रकाशित सूचना अनुसार मिति २०८२/१२/०१ गते दिनको १२:०० बजे भित्र ई-बिड प्रकृयाद्धारा दर्ता हुन आएका रित पुगेका बोलपत्रहरुको सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ज) उपनियमहरु ३ र ४ बमोजिम प्राविधिक प्रस्तावहरु परीक्षण हुँदा तपशिल बमोजिम (सि.नं. ४ र ५) का बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सोही नियमावलीको नियम ३१ (ज) को उपनियम ५ बमोजिम यस आयोजना कार्यालयको आयोजना प्रमुखको कार्यकक्षमा मिति २०८२/१२/११ गते दिनको १२:३० बजे आर्थिक प्रस्ताव खोलिने भएकोले उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. र कामको विवरण | सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम |
|---|---|---|
| ४. | IWRMP/NCB/TRMW/RB/01-082/083 | Shakti Shiva Construction, Bhandara, Chitwan<br>M/S Siddartha/NSN J/V, Dhading, Nepal |
| ५. | IWRMP/NCB/ERRMW/RB/04-082/083 | Pashupati Nirman Sewa Pvt. Ltd., Bharatpur-10, Chitwan<br>Mangalasaini Builders and Suppliers Pvd Ltd, Lamki Chuha-6, Gulara, Kailali<br>Hansakriti Nirman Sewa Pvt. Ltd., Manahari-05, Makawanpur |
| ६. | IWRMP/NCB/NRMW/LB/08-082/083 | Since no bidder submitted a bid, the procurement process will be re-invited for bidding in accordance with Clause 14(4Ka) of the PPA-2063. |

**आयोजना प्रमुख**



**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Irrigation and Water Resources Management Project, Bharatpur, Chitwan**

**Invitation for Electronic Bids Only**

**DATE OF PUBLICATION: 18th March, 2026 (2082/12/04 B.S.)**

1. Government of Nepal (GoN) Ministry of Energy, Water Resources and Irrigation, Department of Water Resources and Irrigation, Irrigation and Water Resources Management Project, Bharatpur Chitwan invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding procedures. **(Please ensure that all the following works should be completed within the current fiscal year. No Extension of Time (EOT) shall be granted).**

| S. N. | IFB. No. | Name of Work | Estimated Amount (With VAT & PS), NRs. | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.), Millions | Minimum Average Annual Construction Turnover (NRs.), Millions | Minimum Work Experience of similar size and nature (NRs.), Millions | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IWRMP/ NCB/RTW/ SUSTA/LB/ 09-082/83 | Construction of Embankment, Sloping Revetment, Launching Apron and RCC Porcupines at the Left Bank of the Narayani River, Susta Rural Municipality -05, Nawalparasi (Bardaghat Susta West) | 19,187,013.42 | 3,000/- | 0.457 | - | - | All bidders are primarily requested to visit the site and attend the Pre-Bid Meeting at the office to obtain information regarding site conditions and work details prior to submission of their bids. |
| 2 | IWRMP/NCB/ DEVGHAT LMW/01- 082/083-RE | Construction of Devghat Landslide Management Works, Devghat Rural Municipality-05, Tanahun | - | 5,000/- | 0.705 | 38.418 | 10.245 | |
| 3 | IWRMP/NCB/ NRMW/LB/ 08-082/083-RE | Construction of Narayani River Management Work Infront of Narayani Lift to Downstream along the Left Bank of Narayani River, Bharatpur Metropolitan City-01, Chitwan | - | 5,000/- | 0.768 | 41.842 | 11.158 | |

2. Bid Validity Period/Bid Security Validity Period 90 Days/120 Days from last date of bid submission.
3. Last Date & Time of Bid Submission- 2083/01/04 (17th April 2026) till 12:00 Noon for for SN 1 and 2082/12/19 (2nd April 2026) till 12:00 Noon for for SN 2 and SN 3. The bids will be opened at 12:30 PM on the same day.
4. Pre-Bid Meeting: 13:00 hrs. on 5th April 2026 for SN 1 and 13:00 hrs. on 26th March 2026 for SN 2 and SN 3.
5. Eligible bidders may obtain further information from PPMO's website: http: //www.bolpatra.gov.np/egp or office.

**Project Chief**



**बलेफी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बलेफी, सिन्धुपाल्चोक**

**बोलपत्र स्वीकृतको लागि आशयपत्रको सूचना**

**(प्रकाशित मितिः- २०८२/१२/०४)**

प्रस्तुत विषयमा यस गाउँ कार्यपालिकाको कार्यालयले आव्हान गरेको ठेक्का नं. BRM/NCB/Works-०७/२०८२/८३ को बोलपत्रको निर्धारित मिति भित्र रितपूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये तपसिलको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) अनुसारको सात (७) दिनको लागि आशयको सूचना सोही ऐनको दफा ४७ को प्रयोजनको लागि प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिलः**

| ठेक्का नं. | कामको विवरण | बोल कबोल रकम (VAT सहित) | बोलपत्र दाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| BRM/NCB-Works-07/2082-083 | कृषि तथा पशु गोठ सुधार कार्यक्रम | २५२४३६०।८९ | सन्तोष एण्ड कृष्ण निर्माण सेवा बलेफी गाउँपालिका सिन्धुपाल्चोक | |



**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राष्ट्रिय तथ्याङ्क कार्यालय**
**थापाथली, काठमाडौं**

**मालसामान लिलाम विक्रीका लागि बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१२/४**

राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथलीमा रहेका पुराना कम्प्युटर, ल्यापटप, फोटोकपी मेसिन, फर्निचर लगायतका कार्यालय सामानहरु जहाँ जे जस्तो अवस्थामा रहेका छन् सोही अवस्थामा बोलपत्रको मध्यमबाट लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र फाराम वापत रू. १००० जम्मा गरेको भौचर पेश गरी मिति २०८२ चैत्र १८ गतेसम्म कार्यालयबाट खरिद गर्न सकिने छ र मिति २०८२/१२/१९ गते दिनको १२.०० बजे भित्र बोलपत्र पेश गर्न सकिने छ। लिलाम विक्री गरिने जिन्सी मालसामानहरूको न्यूनतम मूल्य रू. ९,२३,७६५.८५ (नौ लाख तेइस हजार सात सय पैसट्ठी र पैसा पचासी मात्र) कायम गरिएको छ। यो सूचनाको विस्तृत विवरण राष्ट्रिय तथ्याङ्क कार्यालयको वेबसाइट https://nsonepal.gov.np/ मा राखिएको छ। ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट सो सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।